सिदिङ्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## (रोजगार संयोजक पदपूर्ति समितिको सचिवालय)

साब्लाखु, ताप्लेजुङ

१ नं. प्रदेश, नेपाल

## रोजगार संयोजक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**सूचना नं. १८-२०७६।०७७** **(दोश्रो पटक प्रकाशित मिति २०७६।१०।०९ गते)**

रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा संबन्धी मापदण्ड, २०७६ को दफा ६ बमोजिमको पदपूर्ति समितिको मिति २०७६।१०।०८ गतेको बैठकको निर्णयानुसार यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रिक्त रहेको रोजगार संयोजक करारमा पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदनको लागि दोश्रो पटक दरखास्त आह्वान गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

| क्र सं | विज्ञापन नम्बर | पद | पद संख्या | तह |
|---|---|---|---|---|
| १ | ०७/२०७६-०७७ | रोजगार संयोजक | १ | छैटौं |

१. **दरखास्त दिने अन्तिम मितिः-** मिति २०७६।१०।१५ गते कार्यालय समय भित्र (सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र)

२. **दरखास्त फारम पाउने स्थानः** सिदिङ्वा गाउँ कार्यपालिकाको कार्यालय, साब्लाखु, ताप्लेजुङ वा यस गाउँपालिकाको वेवसाईट http://www.sidingbamun.gov.np बाट Download गर्न सकिनेछ।

**३. आवश्यक न्यूनतम योग्यताः**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण गरेको।

(ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको।

४. **संलग्न गर्नु पर्ने कागजातहरुः** व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्यानुभव भए सोको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।

५. **दरखास्त दिने तरिकाः** बुँदा नं. ४ मा उल्लिखित कागजातहरु स्वयं प्रमाणित गरी एवं. वुँदा नं. ६ मा तोकिएको दस्तुर यस गाउँपालिकाको आर्थिक प्रशासन शाखा वा लक्ष्मि बैंक लिमिटेड, साब्लाखुमा रहेको संचित कोष खाता नं. ०९३११०००५३४ मा जम्मा गरी सक्कल भौचर साथ रीतपुर्वकको आवेदन फारम भरी इ-मेल मार्फत वा स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ।
(नोटः विदेशी वोर्डबाट उर्तिर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।)

६. **दस्तुरः** रु. १००० ।- (अक्षरेपी एक हजार मात्र)

७. **करार अवधिः** २०७७ असार मसान्त सम्म

८. **सेवा, शर्त र सुविधाः-** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद ६ मा उल्लेख गरे बमोजिम

९. **काम गर्नुपर्ने स्थानः** सिदिङ्वा गाउँपालिका अन्तर्गतको रोजगार सेवा केन्द्र

१०. **परिक्षण पद्धतिः** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा संबन्धी मापदण्ड, २०७६ को दफा ९ बमोजिम

११. **थप जानकारीका लागिः-** सम्पर्क नं. ९८५२६६०१५३, इमेलः- sidingbarmtpj@gmail.com

१२. **नोटः** यस सूचनामा उल्लेख भए बाहेकका बिषयहरु रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद ३ को दफा ६ बमोजिमको पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ।

सदस्य सचिव
पदपूर्ति समिति